# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

# परिक्षण प्रतिवेदन

धार्चे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,माछीखोला, गोरखा
आ.व २०७५/०७६

# प्रतिवेदन

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गर्ने तथा आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ । छुवाछुत तथा भेदभाव विरुद्धको हक, धार्मिक स्वतन्त्रताको हक, भाषा तथा संस्कृतिको हक, महिला, वालवालिका, दलित आदीको हक, सामाजिक न्यायको हक, ज्येष्ठ नागरिकको हक, सामाजिक सुरक्षाको हक लगायतका मौलिक हकहरु संविधानमा व्यवस्था गरिएको छ । महिलाको हक सम्वन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ ।

संविधानमा महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदानगर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनमा नै उल्लेख गरिएको छ । यसका अलावा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (२) (त) मा जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र असक्तहरुको व्यवस्थापन गर्ने जिम्मेवारी अन्तर्गत विभिन्न क्रियाकलापहरु संचालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना बनाउँदा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकुल, विपद् व्यवस्थापन, लैंगिक तथा सामाजिक समावेशीकरण अन्तर सम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ भन्ने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना बनाउँदा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा समजिक समावेशीकरण अभिबृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनी उल्लेख गरेको छ ।

यसै गरी वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांक अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने आदि व्यवस्था गरिएको छ भने स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा प्रकृयामा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड दिइएको, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था गरिएको छ ।

सन् २०१५ को सेप्टेम्बरमा सम्पन्न संयुक्त राष्ट्रसंघको साधारण सभाले २०१६ देखी २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरीबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ । यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनी रहेका बालबालिका, किशोरकिशोरी, महिला, अपाङ्गता भएका व्यक्ति, यौनीक अल्पसंख्यक, पछाडि पारिएका समुदाय जस्तै दलित, जनजाति, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ । चरम गरीबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगति गर्नका लागि कोही पनि पछाडी नछुटुन् भन्ने मुख्य सिद्धान्तलाई दिगो विकासका लक्ष्यले अंगिकार गरेको छ । दिगो विकास लक्ष्यले व्यक्तिको मर्यादालाई विकासको मुख्य आधारको रुपमा स्थापित गरेको छ । कोहि पनि पछि नछुटुन् भन्ने अवधारणाले समावेशी र दिगो विकासका उपलब्धि र नतिजा प्राप्तिका लागि विशेषत परम्परागत रुपमा सिमान्तकृत, विपन्न र जोखिम अवस्थामा रहेका व्यक्ति र समुहलाई विकासको प्रकृयामा ल्याउने कुराको सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्य सामाजिक, आर्थिक र वातावरणीय विकासको एक विश्वव्यापी अवधारणा हो । सन् २०३० सम्ममा सबै प्रकारका विभेदहरु उन्मुलन गरी समानता र न्यायमा आधारित समाजको आधार तयार गर्न आवश्यक पर्ने लक्ष्यहरु राखिएका छन् । दिगो विकासका लक्ष्यहरुले समानता र न्यायमा आधारित समाज, मानव, पृथ्वी, समृद्धि, शान्ति जस्ता सवालहरुको साझेदारीमार्फत संभव छ भनी प्रतिवद्धता जनाएको छ । लैङ्गिक समानता दिगो विकास लक्ष्य मध्येको एक महत्वपुर्ण लक्ष्य हो जुन लक्ष्य नं. ५ मा राखिएको छ । यसका साथै लैङ्गिक समानता सबै लक्ष्यहरुमा मुलप्रवाहीकरण गरिएको छ ।

पन्धौ योजना (आर्थिक वर्ष २०७६/०७७ - २०८०/०८१) को आधारपत्रमा (क) लैङ्गिक समानता तथा महिला सशक्तिकरण, (ख) बालबालिका तथा किशोरकिशोरी (ग) जेष्ठ नागरिक (घ) अपाङ्गता भएका व्यक्ति (ङ) सामाजिक सुरक्षा तथा संरक्षण (च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शिर्षकका रुपमा राखिएको छ। संविधानद्वारा प्रदत्त हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्यून गर्न आवश्यक रहेको छ ।

## २. अध्ययनको महत्व

अन्तराष्ट्रिय सन्धी, सम्झौता, घोषण पत्र तथा सम्मेलनले व्यवस्था गरेको नीतिगत पक्षहरुलाई आधार मानी लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा उल्लेख्य विकास तथा सफल्ता पाउन नसकेको अवस्था हो । यसै सन्दर्भमा नेपालको संघिय संविधान र संघिय शासन प्रणालीले व्यवस्था गरे अनुसार ३ तहको सरकार सञ्चालनमा रहे पनि लैससासको दृष्ट्रकोणवाट राष्ट्रिय नीति र कार्ययोजना निर्माण गर्दा पर्याप्त श्रोतको व्यवस्था गर्न नसक्नु र यस मुद्धामा सरोकार र सचेतना वढ्दै जानु स्वभाविक हो । त्यसैले संवैधानिक तथा स्थानिय सरकार सञ्चालन ऐनले लैससासको विकासको लागि गरेको व्यवस्थालाई मध्ये नजर गर्दै स्थानिय स्तरको योजना छनौट प्रकृया देखि प्रतिफल प्राप्ती सम्म यसको शुनिचित गरी अगाडी वढ्नु स्थानीय सरकारको जिम्मेवारी र कर्तव्य हो भन्ने पक्षलाई आत्मासाथ गर्दै सुन्दर सुरक्षित समृद्ध धार्चे गाउँपालिका निर्माण गर्नको लागि लैससास उत्तरदायि वजेटको व्यवस्था गर्न तथा अहिले सम्म भएका योजना, कार्यक्रम तथा नीतिगत व्यवस्थाको परिक्षण सुरुवात भएको छ जसले सस्थागत स्वमुल्यकंन गरी भावि योजना निर्माण गर्न महत्वपुर्ण भुमिका र्निवाह गर्दछ ।

## ३. लैङ्गिक समानता सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरुः

- स्थानिय सरकारले कानुन, नीति तथा वजेट निर्माण प्रकृयमा लैससासको पक्षलाई ध्यान दिएको छ वा छैन भनि मापन गर्नु,
- लैससास उत्तरदायी वजेट निर्माण देखि कार्यन्वयन, अनुगमन तथा मुल्यकंनमा अर्थपूर्ण सहभागिताको अवस्था थाहा पाउन,
- नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता स्थानियकरण भए वा नभएको र सस्थागत क्षमता विकासको अवस्था मापन गर्न,
- स्थानिय सरकारले प्रभाह गर्ने सेवा सुविधा, संस्थागत संस्कृतीमा तथा शुसाशनमा लैससासको अवस्था विश्लेषण गरी,
- स्थानिय सरकार तथा सवै सरोकारवालहरुलाई लैससासको अवस्था चित्रण गरी यसको महत्व र आवश्यक्तालाई सस्थागता गरी कार्यन्वयनमा ल्यउन ।

## ४. अध्ययनका क्षेत्रहरु

लैङ्गीक समानता तथा समाजिक समावेशीकारण परिक्षणको क्षेत्रहरु निम्न अनुसार रहको छः

- कानुन तथा नीतिको लैङ्गिक सम्वेदनशीलता ।
- प्रक्रियागत चरणहरुमा लैङ्गिक सम्वेदनशीलता ।
- सस्थागत, संरचनागत तथा शुसाशनमा लैङ्गिक सम्वेदनशीलता ।
- श्रोत विनियोजनको लैससास विश्लेषण ।
- कार्यान्वयन तहमा लैससास सहभागिताको अवस्था ।

## ५. अध्ययनको तरीका र विधि

धार्चे गाउँ पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणकार्यलाई याथार्थपरक तथा प्रभावकारी वनाउनको लागि यसै गा.पा.को लैससास परिक्षण कार्यवधिमा उल्लेख गरिएको निम्न तरिका र विधिको प्रयोग गरी लैससास परिक्षण सम्पन्न गरियो :

- धार्चे गाउँपलिकाले निर्माण गरेको दस्तावेजहरुको अध्यायन (ऐन, नियम, निर्देशिका, कार्यविधि, नीति तथा कार्यक्रम)
- लक्षित समुदाय सँगको छलफल
- मुख्य सुचनादाताहरु सँगको छलफल तथा अर्न्तवार्ता
- कार्यशाला सञ्चालन

## ६. सहभागिहरु

धार्चे गाउँ पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यमा उपभोक्ता समिति, कर्मचारीहरु, कार्यपालिका सदस्याहरु र अध्यक्ष तथा उपाध्यक्ष ज्यूको अर्थपूर्ण सहभागिता रहेको थियो ।

## ७. विश्लेषणका औजारहरु

धार्चे गाउँ पालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गर्नको लागि दस्तावेज समिक्षा, लक्षित समुदाय छलफल, मुख्य सूचनादातासँग अन्तरवाता, कार्यशाला सञ्चालन (८ वटा सुचक अर्न्तगत प्रत्येक उपसुचकहरुमा) अङ्कभार दिई जम्मा प्राप्ताङ्कलाई सबैले सजिलै बुझ्नको लागि माकुरे जालो विधि तथा औजारको प्रयोग गरी विश्लेषण गरियो ।

## ८. परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

- गाउँ पालिकाले निर्माण गरेको कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधी, मापदण्ड) निर्माण गर्दा सहभागिता नीति अपनाएको ।
- हाल सम्म निर्माण भएका कानुन ( ऐन, नियम, निर्देशिका, कार्यविधी, मापदण्ड) को वारेमा पदाधिकारी तथा कर्मचारीहरु केहिमात्रमा भए पनि अभिमुख भएको ।
- गाउँपलिकाले आफ्नो पञ्च वर्षिय आवधिक योजना निर्माण गरी लैससास सम्वन्धी निति तथा रणनीति निर्मामाण गरेको ।
- गाउँपालिकाले वार्षिक योजना तर्जुमा गर्दा जोखिममा रहेका वर्गहरुको लागि केहिमात्रामा वजेटको व्यवस्थापन गरेको ।
- उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधी अनुसार उपभोक्ता समिति गठन गर्ने गरिएको साथै सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको ।
- उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व गर्ने गरिएको र लक्षित वर्गको लागि छुट्याको कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन भएको ।
- गाउँपालिका स्तरिय न्यायिक समिति र वडा स्तरिय मेलमिलाप केन्द्र गठनमा लैससास नीतिको पालना गरिएको र मेलमिलाप केन्द्रमा आएका विवादहरुको तथ्याङ्क राख्ने गरिएको ।
- सामाजिक विकास शाखा/ महिला तथा वाल विकास शाखा स्थापना भइ सम्पर्क व्यक्ति तोकिएको ।
- गाउँ पालिकाले वार्षिक योजना तथा कार्यक्रममा क्षमता विकास सम्वन्धी कार्यक्रमहरु राखिएको ।
- स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको ।
- लैससास सम्वन्धि अन्तराट्रिय सन्धि तथा सम्झौताहरुमा हस्ताक्षेर (पक्ष राष्ट्र) भए अनुसार लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुका लागि सेवा प्रवेश लगाएतका विषहरुमा आरक्षणको व्यवस्था गरिएको ।
- लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको लागि रकम विनियोजन गरिएको र संङ्कटासन्न समुहको तथ्यांक संकलन गरिएको ।
- गाउँ पालिकाले सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउनको लागि घुम्ति शिविर सञ्चालन गर्दै आएको ।
- बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण गर्ने कार्यको सुरुवात भएको, लैससास मैत्री आचरण तथा महिला हिंसा, योनजन्य हिंसा, जातिय भेदभाव जस्ता विषयमा शुन्य सहनशिल्ताको नीतिको अवल्वन गरिएको ।
- गाउँपालिकाले आफुले प्रवाह गर्ने सेवाको लागि सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्ने गरेको र सो औजारको प्रयोग गर्दा नागरीक प्रतिवेदन पत्रको प्रयोग भएको ।

## ९. लैससास बजेट परिक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

### ९.१ परीक्षण पश्चात सूचकहरुले प्राप्त गरेका अंक

| क्र.स. | सूचक र उप-सूचकहरू | अंक | प्राप्ताङ्क | पुष्ट्याईको आधार | कैफियत |
|---|---|---|---|---|---|
| १ | **कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | ७ | २ | | |
| क | गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति/रणनीति तयार गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले सहभागिता हुने गरेको छ वा छैन ? | ० - १ | १ | कार्यपालिका वैठक माइन्युट | |
| ख | कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव लिईएको छ वा छैन ? | ० - १ | ० | | |

| | | | | | |
|---|---|---|---|---|---|
| **ग** | हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण भएको छ वा छैन र समान बुझाई छ वा छैन ? | **० - १** | ०।५ | वैठक माइन्युट | |
| **घ** | स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा हुने गरी पालिकाका सम्वन्धित शाखाहरु र वडा कार्यालयमा राखिएको छ वा छैन ? | **० - १** | ०।५ | स्थानिय रा.प.मा प्रकाशन, वेवसाइट | |
| **ङ** | गाउँपालिकाको लैससास नीति छ वा छैन ? तर्जुमा गरिएको भए लाभग्राही विशेषत: महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायसंग छलफल गरी सुझाव समावेश गर्ने गरिएको छ वा छैन ? | **० - १** | ० | | |
| **च** | महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु वनेका छन् वा छैनन् ? (जस्तै अपांगता मैत्री, वालमैत्री, लैङ्गिक मैत्री, दलित वा जोखिममा परेको र अन्य समुदायको सामाजिक तथा आर्थिक रुपान्तरणका लागि वनाइएको नीति कार्यविधिहरु) | **० - १** | ० | | |
| छ | गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद/दुर्व्यवहार ( जस्तै यौनजन्य, जातिय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको निति वनाएर लागु गरिएको छ वा छैन ? | **०–१** | ० | | |
| २ | **लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | ७ | ३ | | |
| क | आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजामा लैगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउने गरी स्पष्टरुपमा उल्लेख गरिको छ वा छैन ? | **०–१** | १।० | आवधिक योजना | |
| ख | आवधिक तथा क्षेत्रगत योजना (जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी, कृषि, विपत जोखिम व्यवस्थापन आदि) तर्जुमा गर्दा गाउँ पार्श्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको छुट्टाछुट्टै अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्ने गरिएको छ वा छैन ? | **०–१** | ०।५ | आवधिक योजना, खा.पा.तथा सरसफाइ गुरुयोजना | |
| ग | आवधिक, क्षेत्रगत, लैससास नीती अनुरुप वार्षिक नीती तथा कार्यक्रम वनाइने गरेको छ वा छैन ? यस्ता नीति र वार्षिक कार्यक्रम वीचको तादम्यता छ वा छैन ? | **०–१** | ० | | |
| घ | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गरी कार्ययोजना तयार गर्ने गरिएको छ ? | **०–१** | ० | | |
| ङ | बस्तीस्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता हुने गरेको छ वा छैन ? | **०–१** | ०।५ | वडा भेला वैठक माइन्युट, उपभोक्ता समितिको रेर्कड | |
| च | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार छुट्याईएको बजेट र कार्यक्रममा लैससासलाई स्पष्ट रुपमा संवोधन गर्ने गरी विषयगत कार्यकमहरु तयार गरिएको छ वा छैन ? | **०–१** | ०।५ | वार्षिक कार्यक्रम योजना पुस्तीक | |
| छ | बञ्चितिकरण र जोखिममा परेका व्यक्ति र समुदायको लागि विशेष कार्यक्रम तथा बजेट तय भएको छ वा छैन ? | **०–१** | ०।५ | वाल विवहा न्युनिकरण कार्यक्रम, युव लाक्षित चुनौती कोष, पछाडि कोहि पनि नछुटुन कार्यक्रम | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | **योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | ७ | ४ | | |
| क | उपभोक्ता समिति गठन गर्दा आम भेला गर्ने गरिएको छ वा छैन ? उक्त भेलामा सहजीकरणका लागि कर्मचारी वा महिला वडा सदस्यहरुको भुमिका हुने गरेको छ वा छैन ? | ०–१ | १ | उ.स. वैठक माइन्युट | |
| ख | उपभोक्ता समितिमा कम्तिमा ३३ प्रतिशत महिलाको सहभागिता छ वा छैन ? साथै अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तीमा एकजना महिला सदस्य रहने व्यवस्था छ वा छैन ? | ०–१ | १ | उ.भोक्ता समिति गठन माइन्युट<br>उ.भोक्ता समितिको रेकर्ड | |
| ग | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह, लाभान्वित समूह उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व हुने गरेको छ वा छैन ? | ०–१ | ०।५ | उ.भोक्ता समितिको रेकर्ड | |
| घ | योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम गठित सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाइएको छ वा छैन ? र अनुगमन प्रतिवेदन कार्यपालिकामा छलफल हुन्छ वा हुदैन ? | ०–१ | ० | | |
| ङ | गत आ.व.को वार्षिक योजनामा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको उत्थानका लागि तर्जुमा गरिएका कार्यक्रम तथा वजेटको कार्यान्वयन पूर्णरुपमा भए वा भएनन् ? | ०–१ | १ | उ.भोक्ता समितिको रेकर्ड तथा समझौता, कायक्रमको प्रतिवेदन | |
| **च** | सञ्चालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्दा लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरको छ वा छैन ? | ०–१ | ०।५ | तालिम र सहभागिहरुको संख्या तथा पत्र, प्रतिवद्धता पत्र | |
| **छ** | नियमित रुपमा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान हुने गरेको छ वा छैन ? के यस्ता सिकाईहरु कार्यक्रम र योजना तयार वा नीति निर्माण गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | ० | | |
| ४ | **आन्तरिक संरचना** | ७ | ३ | | |
| क | गाउँपालिकामा गठीत न्यायिक समिति र वडा तहका मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०।५ | न्यायिक समिति, मेलमिलाप केन्द्र | |
| ख | न्यायिक समिति र मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक (क्षेत्र र लाभान्वित) को अभिलेख राखिएको छ वा छैन ? | ०–१ | ०।५ | मेलमिलाप केन्द्रमा दर्ता भएका विवाद तथा न्यायिक समितिमा आएका विवादहरु | |
| ग | गाउँपालिकाले गठन गर्ने गरेका समितिहरु, उपसमिति तथा कार्यदलमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व भएको छ वा छैन ? | ०–१ | ०।५ | वैठक माइन्युट (गठन भएका समिति तथा कार्यदलको रेकर्ड) | |
| घ | सामाजिक विकास शाखा/महिला तथा वाल विकास शाखा अन्तर्गत लैससास सम्पर्क व्यक्ति तोकिएको छ वा छैन ? | ०–१ | १ | सम्पर्क व्यक्ति तथा चिठि, TOR | |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था भएको छ (जस्तै वाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदि) ? उनीहरूको सक्रियता र आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| **च** | बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **छ** | गाउँपालिकाले टोल विकास संस्था तथा समुदायमा आधारित संस्थाहरु वा समितिहरु (जस्तैः महिला समुह, आमा समुह, वाल क्लब, संचार समुह, कृषि समुह) दर्ता र सूचीकृत गरी सक्रियरुपमा संचालनमा ल्याईएको छ वा छैन ? | ०–१ | ०।५ | दर्ता, प्रमाण पत्र | |
| **५** | **क्षमता विकास** | **७** | **२।५** | | |
| क | गाउँपालिकामा स्थानीय सरकारको संस्थागत स्व- मूल्याङ्कन गरी क्षमता विकास कार्ययोजना बनाईएको छ वा छैन ? यस्ता कार्ययोजनाका लागि आवधिक, क्षेत्रगत र वार्षिक कार्यक्रममा समावेश गरी कार्यान्यवन गरिएको छ वा छैन ? | ०–१ | ०।५ | संस्थागत स्व- मूल्याङ्कन क्षमता विकास कार्ययोजना | |
| ख | गाउँपालिकाले संचालन गर्ने क्षमता विकास कार्यक्रमहरुमा सहभागिहरुको छनौट गर्दा लैङ्गिक तथा सामाजिकरुपमा बहिष्करणमा परेका व्यक्ति र समुहलाई विशेष प्राथमिकतामा राखेर आवश्यकता पहिचानका आधारमा गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | कार्यक्रम प्रतिवेदन तथा सहभागि रेकर्ड | |
| ग | गाउँपालिकाले स्वरोजगार वृद्धि गर्ने तथा बैदेशिक एवं रोजगारीमा जाने समुहको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयवन गर्ने गरको छ वा छैन ? स्थानीय तहले रुपान्तरणीय विकासको लागि सबै वर्ग वा व्यक्तिहरुलाई ज्ञान तथा सीप विकास गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | तालिम र सहभागिहरुको संख्या, पत्र तथा प्रतिवद्धता पत्र | |
| घ | तालिम प्राप्त व्यक्तिहरुको क्षमतामा आएको परिवर्तनका सम्बन्धमा प्रभावकारी अनुगमन गर्ने गरेको छ वा छैन ? तालिम प्राप्त व्यक्ति वा सेवाप्राप्त गर्ने समुदायको आर्थिक तथा सामाजिक सशक्तिकरणमा परिवर्तन भएको अभिलेखिकरण गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | तालिम प्राप्त व्यक्तिहरुको तथ्याङ्क | |
| ङ | गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम दिने गरेको छ वा छैन ? | ०–१ | ०।५ | सञ्चालन भएको तालिमको संख्या तथा कार्यक्रम प्रतिवेदन | |
| **च** | गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी) तयार गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **छ** | लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने गरिएको छ वा छैन ? | ०–१ | ० | | |
| ६ | **नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | ७ | **२।५** | | |

| | | | | | |
|---|---|---|---|---|---|
| क. | महिला विकासका लागि भएका बेईजिङ घोषणा पत्रका बाह्रवटा प्रतिवद्धता र दिगो विकासका सत्रवटा लक्ष्यहरु, बाल अधिकार, जातीय विभेद विरुद्धको अन्तराष्ट्रिय महासन्धी (ICERD), ILO, अपांगता भएका व्यक्तिहरुको अधिकार संरक्षण गर्ने महासन्धि आदिको वारेमा स्थानीय सरकारका प्रतिनिधि र कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको छ ? कोहि पनि पछाडी नछुटुन् भन्ने कुराको सुनिश्चितताको लागि अध्ययन र विश्लेषण गरी तथ्याङ्क अद्यावधिक गरिएको छ ? | ०–१ | ०।५ | संकटासन्न समुहको तथ्यकं | |
| ख. | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि स्थानीय तहले सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिएको छ वा छैन ? | ०–१ | ०।५ | विकास सभ्फेदारसँगको सहकार्यमा कार्यक्रम सञ्चालन भएका कार्यक्रम तथा तालिम र उपस्थिति | |
| ग. | महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रम हरुमा रकम विनियोजन गरेको छ वा छैन ? | ०–१ | ० | | |
| घ. | महिला विरुद्ध हुने सबै खालको हिंसा निर्मुल गर्ने कार्यक्रमहरु र सो अनुसारको वजेट विनियोजन गरी कार्यक्रम समयमै सम्पन्न गरेको छ ? | ०–१ | ०।५ | वार्षिक कार्यक्रम योजना पुस्तीक तथा कार्यक्रम प्रतिवेदन | |
| ङ | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको छ वा छैन ? | ०–१ | १ | कार्यक्रम उपस्थिती पुस्तीका, प्रतिवेदन, फोटो तथा पत्रिका | |
| **च** | संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ० | | |
| छ | समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गरेको छ वा छैन ? | ०–१ | ० | | |
| **७** | **सेवा प्रवाह र संस्थागत संस्कृति** | **७** | **४** | | |
| क | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करण र जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिकरुपमा अद्यावधिक गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | नसाकंन तथ्यांक | |
| ख | गत आ.व. मा सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पु¥याउन घुम्ति शिविर संचालन भए वा नभएको ? | ०–१ | १ | स्वास्थ्य शिविर, नागरीक्ता वितरण | |
| ग | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएका छन् वा छैनन् ? स्थानीय तहले सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाउँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/पुरुष शौचालय, प्रतिक्षालय आदि छ वा छैन ? | ०–१ | ०।५ | सार्वजनिक स्थलमा निर्माण भएका सम्रचनाहरु | |

| | | | | | |
|---|---|---|---|---|---|
| घ | महिला कर्मचारीहरूको गर्भावस्था र बच्चालाई स्तनपान सम्बन्धी संवेदनशीलतालाई ध्यान दिने गरिएको छ वा छैन (जस्तै गर्भवती महिलालाई जोखिमयुक्त, खतरायुक्त काममा लगाउन नपाइने) ? | ०–१ | ०।५ | विदाको रेकर्ड तथा स्तनपान कक्षाको व्यवस्थापन | |
| ङ | राष्ट्रिय तथा स्थानीय अभियान र सम्बन्धित मुद्धाहरुमा ( जस्तै निकृष्ट प्रकारको वालश्रम, वाल विवाह, वहुविवाह, दाइजो प्रथा, वोक्सी, छुवाछुत प्रथा तथा घरेलु हिंसा, महिला हिंसा उल्मुलन / नियन्त्रणका लागि) अभियान/चेतनामूलक कार्यक्रमहरु सञ्चालन हुने गरेको छ वा छैन ? | ०–१ | ०।५ | वाल विवाह न्युनीकरण कार्यक्रम प्रतिवेदन | |
| च | महिला हिंसा विरुद्धको शुन्य सहनशिलता अपनाईएको छ वा छैन ? कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | वार्षिक नीति, वैठक निणर्यहरु | |
| छ | गाउँपालिकामा लैससासमैत्री आचरण, भाषा, व्यवहार आदि प्रयोगमा आएको छ वा छैन ? यस्तो व्यवस्थाका लागि पहल गरिएको छ वा छैन ? | ०–१ | ०।५ | लैससासमैत्री आचरण, भाषा, व्यवहार प्रयोगको लागि वनाएको पोष्टर | |
| **८** | **सुशासन** | **७** | **२।५** | | |
| क | स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, लैससास परिक्षण, गुनासो सुनुवाई, सामुदायिक सुचना पाटी, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहिताका औजारहरुको कार्यान्वियन प्रभावकारी ढंगबाट गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | सार्वजनिक सुनुवाइको संख्या, नागरिक वडापत्र | |
| ख | सामाजिक जवाफदेहिताका औजारहरुको प्रयोग गर्दा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको सहभागिता सुनिश्चित गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | कार्यक्रम प्रतिवेदन, फोटो तथा उपस्थिति पुस्तिका | |
| ग | गाउँपालिकाले नियमित रुपमा आयोजना गर्ने सार्वजनिक सुनुवाईमा बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | सार्वजनिक सुनुवाइ कार्यक्रम प्रतिवेदन, उपस्थिती पुस्तिका | |
| घ | Website निर्माण गरी विभिन्न सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरण गर्ने गरेको छ वा छैन ? | ०–१ | ०।५ | Website तथा सुचना पाटी | |
| ङ | सार्वजनिक महत्वका सूचनाहरु साथै माथि “घ” मा उल्लेखित विवरण प्रकाशन गरी स्थानीय संचार माध्यम तथा सूचना पाटी वा सवैको पहुँचमा हुने स्थानमा सर्वजनिक गर्ने गरिएको छ वा छैन ? | ०–१ | ०।५ | Website तथा सुचना पाटी, पत्रिका | |
| च | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने गरेको छ वा छैन ? | ०–१ | ० | | |
| छ | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरूको पहुँचका लागि गरिएका सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाह गरिएको छ वा छैन ? गरिएको भए त्यसले स्थानीय तहको विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याएको छ वा छैन ? | ०–१ | ० | | |

## ९.२ मााकुरे जालो




## १०. सबल पक्ष र सूधार गर्न पर्ने पक्षहरु

| सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौती |
|---|---|---|---|
| **१. कानुन तथा नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण** | | | |
| गाउँपालिकाले तर्जुमा गर्ने कानुन (ऐन, नियम, निर्देशिका, कार्यविधि, मापदण्ड), नीति र रणनीति तयार गर्दा लैससास दृष्टिले सहभागितामुलक हुने गरेको । | कानुन, निति/रणनिति तर्जुमा गर्दा लैससासको अर्थपूण सहभागिता गराउनु पर्ने । | महिला तथा सामाजिक रुपमा वन्चितिमा परेका समुदायको सहभागितामा कानुन, निति/रणनीति तयार हुने । | महिला तथा सामाजिक रुपमा वन्चितिमा परेका समुदायको सहभागिता सुनिश्चितता । |
| स्वीकृत भएका कानुन र नीतिहरु वेवसाइटमा राखिएको साथै प्रकाशन गरी सवैको पहुँचमा भएको । | निर्माण भएका कानुन र नीतिहरु अभिमुखिकरण गराउनु पर्ने । | लैससास नीति निर्माण गर्नु पर्ने । | महिला तथा सामाजिक रुपमा वन्चितिमा परेका समुदायको सहभागिता र कानुनी परामर्शदाताको अभाव । |
| **२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | |
| आवधिक योजनाको उद्देश्य, रणनीति तथा नतिजा समावेश गरी निर्माण गरिएको । | आवधिक योजना अनुरुप क्षेत्रगत तथा लैससास नीति अनुसार वार्षिक निति तथा कार्यक्रम वनाइनु पर्ने । | वार्षिक योजना तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्वन गरिनु पर्ने । | बार्षिक कार्यक्रम तर्जुमा गर्दा विषयगत समिति अनुसार बजेटको व्यवस्था । |
| योजना तर्जुमा गर्दा सवै वर्ग तथा लिङ्गको समावेस, वार्षिक कार्यक्रममा | बस्ती स्तरको योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनु पर्ने, | लक्षित तथा जोखिममा परेका व्यक्ति र समुदायको विकासको लागि विशेष कार्यक्रम तथा बजेटको व्यवस्था | योजना तर्जुमा प्रक्रियामा सबै प्रकारका लिङ्ग र समुदायको अर्थपूर्ण सहभागिताको |

| | | | |
|---|---|---|---|
| लक्षित वर्गको लागि केहि वजेटको विनियोजन भएको । | विषयगत समितिहरुमा लैससासको लागि वजेटको विनियोजन सुनिश्चित गर्नु पर्ने | | सुनिश्चितता तथा वजेट विनियोजनामा समस्या । |
| **३. योजना कार्यान्वयन, अनुगमन/नियमन र मूल्याङ्कन** | | | |
| उपभोक्ता समिति सञ्चालन तथा व्यवस्थापन कार्यविधी वनेको र सोही अनुसार उ.स. गठन गरिएको । | उपभोक्ता समितिमा लैङ्गिक तथा वहिस्करणमा परेका व्यक्ति र समुह रहेकोमा सोको प्रतिनिधित्व गराउनु पर्ने । | विकास निर्माण प्रक्रियामा अपनत्व ग्रहण गर्ने | नगद सहभागिता जुटाउन समस्या रहेको |
| योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७४ बमोजिम सुपरिवेक्षण तथा अनुगमन समिति गठन भएको । | अनुगमन गर्दा लैससास सम्वन्धी सूचकहरु पनि समावेश गरी सो प्रतिवेदन कार्यपालिकामा छलफल गरिनु पर्ने | लैंगिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहलाई लागत अनुरुप पुगेको लाभ, असर र प्रभाव विश्लेषण भइ आगामी दिनमा कार्यक्रम/योजना वा नीति निर्माणमा सहजता । | संघ, प्रदेस तथा स्थानिय निकाय विच तथा सबै प्रकारका सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदानमा समस्या । |
| **४. आन्तरिक संरचना** | | | |
| गाउँपालिका स्तरिय न्यायिक समिति र वडा स्तरिय मेलमिलाप केन्द्र गठन भएको तथा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांक रहेको । | न्यायिक समिति र वडा स्तरिय मेलमिलाप कर्ताहरुको क्षमता विकास, मेलमिलाप केन्द्रमा दर्ता भएका र समाधान गरिएका विवादहरुको खण्डीकृत तथ्यांकको अभिलेखमा नियमितता गरिनु पर्ने । | न्यायिक समिति र वडा स्तरिय मेलमिलाप केन्द्रमा लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको प्रतिनिधित्व हुने । | लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको समानुपातिक प्रतिनिधित्व |
| सामाजिक विकास शाखा/ महिला तथा वाल विकास शाखा स्थापना भएको | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा वजेटको व्यवस्था गरिनु पर्ने । | बाल हेल्पलाइन, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गर्ने । | सामाजिक विकास शाखा/ महिला तथा वाल विकास शाखा अन्तर्गत कर्मचारी नहुनु । |
| **५. क्षमता विकास** | | | |
| वार्षिक योजना तथा कार्यक्रममा क्षमता विकास सम्वन्धी कार्यक्रमहरु रहेको | क्षमता विकास तालिममा लैससास सम्वन्धी छुट्टै विषय राखि तालिम सञ्चालन गर्नुपर्ने | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको लागि लोक सेवा आयोग तयारी कक्षा | सम्वन्धित विषयविज्ञको कमि |
| लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको लागि रकम विनियोजन गरिएको | लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको साथै जोखिममा परेका समुदायका लागि विशेष कार्यक्रम सहित दिगो विकासका लक्ष्यहरुको स्थानीयकरणका लागि सरोकारवालाहरुसँगको सहकार्यमा कार्य गरिनुपर्ने । | महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान जस्तै महिला हिंसा विरुद्धको १६ दिने अभियान, किशोरी दिवस, अन्तराष्ट्रिय महिला दिवस, स्वच्छ महिनावारी दिवस सम्बन्धी कार्यक्रम संचालन गर्ने गरेको । | सामाजिक विकास शाखा/ महिला तथा वाल विकास शाखा अन्तर्गत कर्मचारी नहुनु । |
| **६. नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | | | |
| महिला अधिकार स्थापना र महिला माथि हुने हिंसा विरुद्धको विभिन्न दिवस र अभियान नियमितरुपमा मानइएको । | • नेपाल पक्ष भएका अर्न्तराष्ट्रिय सन्धि सम्झौता, दीगो विकासको लक्ष्य स्थानियकरण, अभिमुखिकरण तथा आवश्यक कार्यक्रम तथा वजेटको व्यवस्थापन गरिनु पर्ने ।<br>• कोहि पनि पछाडी नछुट्टुन् भन्ने कुराको सुनिश्चितताको लागि | • अर्न्तराट्रिय सन्धि सम्झौता, दीगोविकासको लक्ष्य स्थानियकरण गरी लैससास अनुकुल नीति तथा योजना निर्माण गर्न ।<br>• नेपाल पक्ष भएका अर्न्तराष्ट्रिय सन्धि सम्झौता, दीगो विकासको लक्ष्य स्थानियकरणको लागि अभिमुखिकरण गर्ने । | नेपाल पक्ष भएका अर्न्तराट्रिय सन्धि सम्झौता, दीगो विकासको लक्ष्य स्थानियकरण गरी लैससास अनुकुल नीति, योजना तथा कार्यक्रम सञ्चालन गर्न कठिनाई । |

| | | | |
|---|---|---|---|
| | अध्ययन र विश्लेषण गरी तथ्याङ्क संकलन गरिएको । | | |
| **७. सेवा प्रवाह र संस्थागत संस्कृति** | | | |
| सेवा सुविधामा पहुँच नभएका समुदायहरुका लागि सेवा प्रवाहमा पहुँच पुऱ्याउन घुम्ति शिविर संचालन | प्रयाप्त मात्रामा घुम्ति शिविर संचालन गरिनुपर्ने | सेवा सुविधामा पहुँच नभएका समुदायहरुले आफ्नै घरआँगनमा सेवा पाप्त गर्ने अवसर | भौगोलिक कठिनाइ |
| बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माण भएको | सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाऊँको उचित व्यवस्थापन जस्तै पिउने पानी, महिला/ पुरुष शौचालय, प्रतिक्षालय आदिको व्यवस्था | बालबालिका, जेष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना (सार्वजनिक स्थल) निर्माणले सेवामा सहजता | प्रभावकारी कार्यान्वयन र अनुगमन |
| **८. सुशासन** | | | |
| सामाजिक जवाफदेहिताका औजारहरु प्रयोग गर्ने गरेको | सामाजिक जवाफदेहिताका औजारहरुको प्रभावकारी कार्यान्वयन र बर्हिगमन अभिमत (Exit Poll) र नागरिक प्रतिवेदन पत्र (CRC) जस्ता विधी प्रयोग नगरिनु | सेवाग्राही र सेवाप्रदायकविच दोहोरो सम्वाद तथा जवाफदेहितामा वृद्धी | कार्यान्वयनमा ध्यान नजानु |
| सूचना, शिक्षा र संचारको (IEC materials ) प्रवाह गर्न वजेट व्यवस्था भएको | लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, समितिहरुमा छलफल गर्ने नगरिनु | विकास कार्यहरूमा सहभागितामा वृद्धि ल्याउन सहयोग पुग्ने | शाखामा कर्मचारी नहुनु तथा कार्यान्वयनमा ध्यान नजानु |

## ११. लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

### लैङ्गिक तथा सामाजिक समावेशी विकास कार्ययोजना

### धार्चे गाउँपालिका

### फाल्गुन, १५,२०७६

| **अवस्थामा सुधारका लागि आवश्यक कृयाकलाप** | **मुख्य जिम्मेवारी** | | | **समयावधी** | **थप आर्थिक दायित्व व्यहोर्न** | |
|---|---|---|---|---|---|---|
| | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयनकर्ता** | | **पर्ने** (अनुमानित कति रु. हजारमा) खर्च व्यहोर्ने श्रोत प्रष्ट खुलाउने ) | **नपर्ने** |
| **१. कानुन तथा नीतिमा लैङ्गिक समानता तथा समावेशीकरण** | | | | | | |
| **१.१.** कानुन तथा नीति निर्माणको क्रममा लाभग्राही विशेषतः महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायको सुझाव/सहभागिता सुनिश्चितता गर्ने | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | कार्यपालिका र सभा | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. २००,०००। आन्तरिक श्रोत | |
| **१.२.** हालसम्म स्वीकृत भएका कानुनहरु र नीतिहरुका बारेमा पदाधिकारी तथा कर्मचारीहरुका लागि अभिमुखिकरण | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. १००,०००। आन्तरिक श्रोत | |
| **१.३.** गाउँपालिकाको लैससास नीति विशेषतः महिला तथा सामाजिक रुपमा बञ्चितिमा परेको समुदायसंग छलफल तथा सुझाववाट तयार गर्ने | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. १००,०००। आन्तरिक श्रोत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.४ महिला तथा सामाजिकरुपमा बञ्चितिमा परेको समुदायहरु लक्षित गरी छुट्टै नीति, निर्देशिका वा कार्यविधिहरु तयार गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | कार्यपालिका वैठक | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ असार मसान्त सम्म | | ✓ |
| १.५ गाउँपालिकामा हुनसक्ने सबै प्रकारका विभेद⁄ दुर्व्यवहार (जस्तै यौनजन्य, जातिय र महिला हिंसा नियन्त्रण, समान कामका लागि समान ज्यालाको निति निर्माण गरी लागु गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | कार्यपालिका वैठक | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ असार मसान्त सम्म | | ✓ |
| **२. लैससास विश्लेषणमा आधारित योजना तर्जुमा** | | | | | | |
| २.१.आवधिक, क्षेत्रगत, लैससास नीती र वार्षिक योजना विच तादमम्यता गरी वार्षिक योजना छनौट गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन तथा शाखा प्रमुख | २०७७ असार मसान्त सम्म | | ✓ |
| २.२. लैससास नीती अनुरुप वार्षिक नीति तथा कार्यक्रम वनाइ लैङ्गिक उत्तरदायी बजेट (GRB) तर्जुमा प्रक्रिया अवलम्बन गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन तथा शाखा प्रमुख | २०७७ असार मसान्त सम्म | | ✓ |
| **३. योजना कार्यान्वयन, अनुगमन र मूल्यांकन** | | | | | | |
| ३.१. सुपरिवेक्षण तथा अनुगमन समितिले अनुगमनका सूचकहरु वनाउदा लैससास सम्वन्धी सूचकहरु समावेश गरी सूचक वनाउने र अनुगमन प्रतिवेदन कार्यपालिकामा प्रस्तुत गर्ने | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | | ✓ |
| ३.२. सबै सरोकारवालाहरुको सहभागितामा लैससास सम्वन्धी छलफल, सिकाई आदानप्रदान गरि नीति तथा कार्यक्रम/योजना तयार गर्ने | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | कार्यपालिका वैठक तथा गाउँ सभा | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. ५००,०००। आन्तरिक श्रोत | |
| **४. आन्तरिक संरचना** | | | | | | |
| ४.१. लैङ्गिक तथा सामाजिकरुपमा वहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि उनिहरुको आवश्यक्तामा आधारित कार्यकम तथा वजेट (कोषको व्यवस्था) गर्ने | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | २०७६ चैत्र देखि | | ✓ |
| ४.२. बाल हेल्पलाइन १०९८, बालबालिका हराएमा वा भेटिएमा १०४, महिला तथा बालबालिकामाथि हुने हिंसाको वारेमा उजुरी गर्न सकिने राष्ट्रिय महिला आयोगको टोल फ्रि नं. ११४५, घरेलु हिंसा जस्ता उपयोगी जानकारीहरु समुदाय स्तरसम्म प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र प्रयोग गरी लाभग्राहीहरुलाई सूचना प्रवाह गरिने | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | २०७६ चैत्र देखि | | ✓ |
| **५. क्षमता विकास** | | | | | | |
| ५.१. गाउँपालिकाले महिलाहरुका रणनीतिक आवश्यकता पुरा गर्नका लागि लोक सेवा आयोग तयारी कक्षा, ग्रामीण महिला प्राविधिकहरु (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्वन्धी) सञ्चालन गर्ने | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु.१०,००,००० आन्तरिक स्रोत | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **५.२.** लैससास विकासको लागि संघीय सरकार अन्तर्गतका संवैधानिक आयोगहरु, प्रदेश सरकार तथा जिल्लास्तरका कार्यालयहरुसंग समन्वय गर्ने | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. १००,०००। आन्तरिक श्रोत | |
| **६. नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धता** | | | | | | |
| ६.१. महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि (CEDAW) कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना, संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता र संयुक्त राष्ट्रसंघीय सुरक्षा परीषदबाट पारीत प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वियन राष्ट्रिय कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवारी भनी उल्लेख गरेका कार्यक्रमहरुमा वजेट विनियोजन गर्ने | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. २००,००० आन्तरिक श्रोत | |
| ६.२. संयुक्त राष्ट्रसंघीय वाल अधिकार महासन्धी १९८९ मा गरिएको प्रतिवद्धता कार्यान्वयनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी समयमै सम्पन्न गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. २००,००० आन्तरिक श्रोत | |
| ६.३ समाजमा विद्यमान जातीय विभेद र छुवाछुत सम्बन्धी सामाजिक, सांस्कृतिक र धार्मिक कुरीति र अभ्यास हटाउनका लागि वजेट विनियोजन सहित कार्यक्रम तयार गरी कार्यन्वयन गर्ने । | अध्यक्ष, उपाध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु.५००००० | |
| **७. सेवा प्रवाह र सस्थागत सस्कृति** | | | | | | |
| **७.१.** महिला हिंसा विरुद्दको शुन्य सहनशिलता अपनाई कार्यक्षेत्रमा हुने यौनजन्य हिंसा र दुर्व्यवहारको सम्वोधन गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | | ✓ |
| **८. सुशासन** | | | | | | |
| **८.१.** लैससासका राम्रा अभ्यासहरु, घटना अध्ययन आदिको प्रकाशन गर्ने, स्थानीय तहका समितिहरुमा छलफल गर्ने, अन्य स्थानीय तह, नागरिक समाज तथा प्रदेश र संघ सम्वन्धित निकायहरुसंग आदान प्रदान गर्ने । | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. २००,००० आन्तरिक श्रोत | |
| **८.२.** सूचनाहरु (बार्षिक नीति, कार्यक्रम तथा बजेट, आय-व्यय, पार्श्वचित्र, जोखिम नक्साकंन, आवधिक तथा रणनीतिक योजनाहरु, पञ्जीकरणको तथ्यांक, सामाजिक सुरक्षा भत्ताको विवरण तथा अन्य नियमित सूचनाहरु आदि) सार्वजनिकिकरणलाई व्यवस्थित गर्ने र लैससासका राम्रा अभ्यास/सिकाइ प्रकाशन तथा सूचना, शिक्षा र संचारको (IEC materials ) माध्यमवाट प्रवाह गर्ने | अध्यक्ष, प्र.प्र.अ., प्रशासन शाखा प्रमुख | प्र.प्र.अ.,प्रशासन शाखा प्रमुख | अध्यक्ष, प्र.प्र.अ. र प्रशासन शाखा प्रमुख | २०७७ साउन देखि | रु. २००,००० आन्तरिक श्रोत | |

## १२. निष्कर्ष

लैङ्गीक समानता तथा सामाजिक समावेशीकरणको लागि नेपालको संविधानले गरेको संवैधानिक व्यवस्था, स्थानिय सरकार सञ्चालन ऐन, अन्तराष्ट्रिय सन्धी तथा सम्झौताले गरेको व्यवस्थाहरुलाई केन्द्र, प्रदेश तथा स्थानीय सरकारले यसको अक्षेरस कार्यन्वयन गर्नु आवश्यक देखिन्छ । लिङ्ग, जात, भाषा, धर्म तथा क्षेत्रगत हिसावले अहिले सम्म विभेद तथा असमान्ता भोगि रहेको त्यो वर्गले अफ्नो

आवश्यक्ताको पहिचान गरी आफैले निर्णय गर्न पाउनु पर्दछ । निति निमार्ण होस वा विकास हरेक तहमा समान अस्तीत्व र समान अवसर तथा सहभागिताको शुनिश्चीत हुन आवशयक छ । माथि उल्लेखित अवस्थाहरुको विश्लेषण तथा परिक्षण विना हाम्रो अवस्थाको पहिचान गर्न कठिन हुनेछ र सुधारको लागि आवश्यक कार्य गर्न सकिदैन ।  त्यसैले महिला, दलित, विपन्न, अल्पसंख्यक र विकासको मुलप्रवाहीकारणमा नसमेटिएका वर्गहरुको समान पहुच, विकासको लागि अव वन्ने नीति तथा कार्यक्रम, योजना र कानुन निमार्ण तथा यसको कार्यान्वन गर्दा लैससासको शुनिश्चित गर्नको लागि यो परिक्षण ज्यदै महत्वपूर्ण आधार भएको हो । यसै दस्तावेजको आधारमा रहि यसले औंल्याएको सवल, सुधार गर्नु पर्ने पक्ष, कम्जोर पक्ष तथा चुनौतीहरुलाई अत्मासाथ गर्दै लैससास नीति तथा परिक्षण कार्यविधि अनुसार विकासको मुलप्रवाह वाट वाहिर रहेको वर्ग, क्षेत्र तथा लिङ्गको मुलप्रवाहीकरण गर्नको लागि धार्चे गाउँपालिकाले महत्वपूर्ण कार्यहरु गर्ने अवसरहरु प्रसर्स्ते देखिएको छ ।

## १३. सुझाव

धार्चे गाउँपालिकाको लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण परिक्षाण गर्दा देखिएका विविध पक्षहरुलाई आधार मानी निम्न सुझावहरु दिइएको छ :

- गाउँपालिकाले लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण नीतिको निर्माण गर्नु पर्ने,
- सोही नीति अनुसार आवधिका योजना, क्षेत्रगत योजना, वार्षिक नीति, वजेट तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यन्वयन गर्नु पर्ने,
- स्थानिय सरकारले कानुन, नीति तथा वजेट निर्माण प्रकृयमा लैससासको पक्षलाई ध्यान दिएको छ वा छैन भनि मापन गर्नु,
- लैससास उत्तरदायी वजेट निर्माण देखि कार्यन्वयन, अनुगमन तथा मुल्यकंनमा अर्थपूण सहभागिताको अवस्था थाहा पाउन,
- नेपाल सरकारका लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता स्थानियकरण भए वा नभएको र सस्थागत क्षमता विकासको अवस्था मापन गर्न,
- स्थानिय सरकारले प्रभाह गर्ने सेवा सुविधा, संस्थागत संस्कृतीमा तथा शुसाशनमा लैससासको अवस्था विश्लेषण गरी,

## अनुसूचीहरु

- **लैंगिक परक्षिण कार्यक्रमका केही झलकहरु**








- **सहभागी नामावली**

| क.सं. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १. | सन्त वहादुर गुरुङ | गा.पा. अध्यक्ष | |
| २ | फुलमायाँ गुरुङ | गा.पा. उपाध्यक्ष | |
| ३. | धन कुमार घले | वडा अध्यक्ष, ६ (कार्यपालिका सदस्य | |
| ४ | सूर्यमान गुरुङ | वडा अध्यक्ष, ७ (कार्यपालिका सदस्य) | |
| ५ | तुल वहादुर गुरुङ | वडा अध्यक्ष, ५ (कार्यपालिका सदस्य) | |
| ६ | राज गुरुङ | वडा अध्यक्ष, ४ (कार्यपालिका सदस्य) | |
| ७ | इन्द्र प्रसाद गुरुङ | वडा अध्यक्ष, ३ (कार्यपालिका सदस्य) | |
| ८ | सुक वहादुर गुरुङ | वडा अध्यक्ष, २ (कार्यपालिका सदस्य) | |
| ९ | दिलिप गुरुङ | वडा अध्यक्ष, १ (कार्यपालिका सदस्य) | |
| १० | सरिता गुरुङ | कार्यपालिका महिला सदस्य | |
| ११ | अनार्त गुरुङ | कार्यपालिका महिला सदस्य | |
| १२ | धान वहादुर वि.क. | कार्यपालिका दलित सदस्य | |
| १३ | आस वहादुर घले | कार्यपालिका सदस्य | |
| १४ | पिताम्वर पोखल | प्रशासन अधिकृत | |
| १५ | संगिता पोखेल | खरिदार, महिला तथा वालवालिका शाखा | |
| १६ | केशव गुरुङ | उपसंयोजक, स्वास्थ्य शाखा | |
| १७ | अमृत घले | संयोजक, स्वास्थ्य शाखा | |
| १८ | डिल प्रसाद गुरुङ | हेल्थ असिस्टेण्ट, स्वास्थ्य शाखा | |
| १९ | कमल गुरुङ | कम्पुटर अपरेटर | |
| २० | दिल गुरुङ | पञ्जिकरण | |
| २१ | सोम गुरुङ | पञ्जिकरण | |
| २२ | सर्मिला गुरुङ | पञ्जिकरण | |
| २३ | ठाकुर ढकाल | पशु शाखा | |
| २४ | सुरेन्द्र गुरुङ | कृषि शाखा | |

| | | | |
|---|---|---|---|
| २५ | निशा गुरुङ | कृषि शाखा | |
| २६ | वलाचेन घले | कार्यालय साहयाक | |
| २७ | सूर्य वारमु | योजना सल्लाहकार | |
| २८ | युवराज मरासिनी | इन्जीनियर | |
| २९ | प्रविन वस्ती | गा.पा. इन्जीनियर | |
| ३० | निरज क्षेत्री | गा.पा. इन्जीनियर | |
| ३१ | टेक विक्रम कुवर | लेखापाल | |